बैठक नं.५

आज मिति २०७९/०३/२० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:३० बजे ।
स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं.५.१
मिति २०७९।०३।०९ मा बसेको नगरकार्यपालिकाको चौथो वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
निर्णय नं.५.१

- आगामी आ.व. ०७९/०८० का लागि आम्दानी र खर्च (आय व्यय) को अनुमान (बजेट) सहितको रु.२ अरव ३५ करोड बराबरको बार्षिक बजेट तथा कार्यक्रम मिति २०७९।३।१० मा बस्ने नगरसभाको एघारौ अधिवेशनको दोस्रो बैठकमा प्रस्तुत गर्ने निर्णय भएको र सोही मितिमा नगरसभामा प्रस्तुत समेत भएको ।
- कर तथा गैरकर राजश्वका दरवन्दी सहितको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक) २०७९ मिति २०७९।३।१० गते बस्ने नगरसभाको एघारौ अधिवेशनको दोस्रो वैठकमा प्रस्तुत गर्ने गरी निर्णय भएको र उक्त विधेयक सोही मितिमा बसेको नगरसभामा प्रस्तुत समेत भएको ।
- आ.व.०७९/०८० का लागि प्रस्तावित खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (विनियोजन विधेयक) २०७९ मिति २०७९।३।१० मा बस्ने नगरसभाको एघारौ अधिवेशनको दोस्रो बैठकमा प्रस्तुत गर्ने निर्णय भएको र उक्त विधेयक सोही मितिमा बसेको नगरसभामा प्रस्तुत समेत भएको ।

प्रस्ताव नं.५.२
कृषि बजारका लागि जग्गा माग गर्ने सम्बन्धमा ।
निर्णय नं.५.२
बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७७।११।२८ मा बसेको ७५ औं बैठकको निर्णय नं.७५.५.९बाट बुटवल उपमहानगरपालिका वडा नं.१५, १६ र सैनामैना न.पा.को सिमानामा रहेको नदी उकास र खोला प्रकृतिको जग्गा मध्येबाट गुरुयोजना बमोजिमको कोरिडोरको क्षेत्राधिकार भित्र पर्ने जग्गा छोडी ४२ विगाह क्षेत्रमा कृषि बजार निर्माण गर्ने प्रयोजनका लागि जग्गा उपलब्ध हुन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय भए तापनि उल्लेखित क्षेत्रहरु मध्ये वडा नं.१५ स्थित कर्साघाटको पुल देखि उत्तर तर्फको नदी उकास जग्गा मध्येको तिनाउ दानव कोरिडोरको जग्गा छोडी बाँकी जग्गा विगाह १९-१०-१५.२५ उल्लेखित पूर्व निर्णय बमोजिमको जग्गाभन्दा हाइटमा रहेको । सो सन्दर्भमा उक्त विस्तृत परियोजना प्रस्तावका आधारमा नेपाल सरकारसँगको साझेदारी र नेदरल्याण्ड्स सरकारको सहयोगमा १७ डिसेम्वर २०१९ देखि सञ्चालित Develop2Build (D2B) D2B18NPO1: Development of Agriculture Value Chain Infrastructure in Nepal परियोजनाले नेपाल सरकारले उपलब्ध गराएको विवरणका आधारमा विभिन्न सम्भावित स्थलहरुमा परियोजनाको पहिलो चरण (Phase 1) अन्तर्गत गरेको Pre Feasibility Study Report तथा Fact Finding Mission बाट वडा नं.१६ मा उपलब्ध प्रस्तावित जग्गाको तुलनामा वडा नं.१५ को जग्गा प्राविधिक, जग्गाको आकार एवं निर्माणाधिन दानव रोड कोरिडोरका कारण भौगोलिक रुपले सुरक्षित (सम्भावित बाढीबाट) रहेको प्रतिवेदन प्राप्त भएको र प्राविधिक रुपले उपयुक्त भनि औंल्याइएको व्यहोरा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन केन्द्र हरिहरभवन ललितपुरको प.सं.०७८/०७९ च.नं.२६६ मिति २०७९।१।१६ को पत्रबाट जानकारी समेत भएको हुँदा कृषि उपज निर्यात बजार केन्द्र निर्माण गर्ने गरी उल्लेखित स्थानको Detail Feasibility study भै रहेको तथा आ.व. २०७९/०८० को नेपाल सरकारको बजेट बक्तव्य मार्फत रुपन्देहीको

कर्साघाटमा आधुनिक प्रबिधियुक्त कृषि उपज थोक बजार निर्माण शुरु गरिनेछ भन्ने विषय उल्लेख भएकोले रतनपुर सामुदायिक बन्को दुईवटा खण्डको साबिक सेमलार न.नं. १ङ कि.नं.१४६ र कि.नं.१८८ को नदी उकास जग्गा मध्येको तिनाउ दानव कोरिडोरको जग्गा छोडी बाँकी जग्गा विगाह १९-१०-१५.२५ कृषि बजारको लागि उपयोगमा ल्याउदा स्थानीय कृषकहरुलाई लाभ हुने र स्थानीय स्तरमा चहलपहल एवं गुल्जार समेत हुने भएकोले देहायको चार किल्ला भित्रको जग्गा विगाह १९-१०-१५.२५ मा कृषि उपज निर्यात बजार केन्द्र निर्माण प्रयोजनका लागि बुटवल उपमहानगरपालिकाको नाममा जग्गा उपलब्ध हुन सम्बन्धित निकायमा सिफारिका साथ अनुरोध गर्ने निर्णय गरियो ।

देहाय :

पूर्व : व्यक्तिको जग्गा ।

पश्चिम : ग्राभेल सडक ।

उत्तर : दानव कोरिडोर ।

दक्षिण : बाटो र ब्यक्तिको जग्गा ।

**प्रस्ताव नं.५.३**

**न्यूनत्तम मूल्य निर्धारण सम्बन्धमा ।**

**निर्णय नं.५.३**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र आ. व.०७९/०८० मा जग्गाको रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण गर्नका लागि श्री मालपोत कार्यालय वुटवलवाट वुटवल क्षेत्रमा आगामी आ.व. ०७९/०८० मा कायम गर्ने न्यूनतम मूल्यका सम्वन्धमा राय सुझाव माग गरेको सन्दर्भमा राजश्व परामर्श समितिले गरेको सिफारिश र आर्थिक गतिविधि चलायमान नभएको वर्तमान अवस्था समेतलाई मध्यनजर गरी देहाय वमोजिम गर्न मालपोत कार्यालयलाई सिफारिश गर्ने निर्णय गरियो ।

**क) तपसिल वमोजिमका क्षेत्रहरुमा सडक विस्तार समेत भएको कारण संशोधन गरी थप गर्नुपर्ने ।**

- वडा नं. ९ र ११ कालिकापथ सडक मोहडामा पर्ने प्रति कठ्ठा रु.५४४६५४०/
- वडा नं. ९ वाणिज्य क्याम्पस रोड मोहडा पर्ने प्रति कठ्ठा रु.५४४६५४०/
- वडा नं.११ वाणिज्य क्याम्पस रोड (आयुर्वेद औषधालय सम्म)प्रति कठ्ठा रु.३२५०३९०/
- वडा नं. ११ देवी पथ (चौपारी देखि देवसिद्धचोक सम्म) प्रति कठ्ठा रु.३२५०३९०/

**ख) उपरोक्त क्षेत्र वाहेक अन्य क्षेत्रहरुमा वृद्धि नगरी साविक वमोजिम कै दररेट कायम गर्ने ।**

**प्रस्ताव नं.५.४**

**प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।**

**निर्णय नं.५.४**

न्यायिक समिति, अनुगमन समिति, लेखा समिति, आचारसंहिता अनुगमन समिति, विधायन समिति र सुशासन समितिहरुको बार्षिक प्रतिवेदनहरु र जाँचपास तथा फरफारक समितिको फरफारक सम्बन्धी विवरण मिति २०७९।०३।२१ गते विहान ८:०० बजे बस्ने नगरसभाको एघारौ अधिवेशनको तेस्रो बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५.५**
**भुमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समितिमा कार्यपालिकाको तर्फबाट दुई जना सदस्य तोक्ने सम्बन्धमा ।**
**निर्णय नं.५.५**
अव्यवस्थित बसोवासीको लगत संकलन कार्यविधि, २०७८ को दफा ४ को उपदफा १ को (घ) मा भएको व्यवस्था बमोजिम भुमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजिकरण समितिमा देहायका कार्यपालिकाका सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

श्री यम बहादुर सुनार
श्री निलम गौतम

**प्रस्ताव नं.५.६**
**अनुमोदन सम्बन्धमा ।**
**निर्णय नं.५.६**
दररेट निर्धारण समितिमा कार्यपालिका सदस्य एवं पूर्वाधार विकास समितिका संयोजकलाई सदस्यमा मनोनयन गर्ने गरी भएको मिति २०७९।३।१२ को प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं.५.७**
**ढुवानीग्राममा निर्माण भएको संरचनाहरुको वहाल वन्दोवस्तीका लागि न्यूनतम वहाल रकम कायम गर्ने सम्बन्धमा ।**
**निर्णय नं.५.७**
वुटवल उपमहानगरपालिका वडा नं.१२ ढवाहास्थित ढुवानीग्राम भित्र निर्माण सम्पन्न भएको क्यान्टिन, औषधि पसल, भेहिकल सर्भिसिड.सेन्टरको वहाल व्यवस्थापन गर्न न्यूनतम वहाल अंक कायम गरी राजश्व परामर्श समितिवाट सिफारिश भै आए वमोजिम देहाय अनुसार न्यूनतम वहाल कायम गरी वहाल वन्दोवस्ती गर्ने निर्णय गरियो ।

क) न्यूनतम मासिक वहाल रकम :
- क्यान्टिन रु.५०२२२/
- क्लिनिक रु.१०७६४/( १ फलफुल पसल सहित)
- भेहिकल सर्भिसिड. सेन्टर रु.३१८९०/

ख) समयावधि : ५ वर्ष
ग) वार्षिक वहाल वृद्धिदर : ५ प्रतिशत
घ) शौचालय/स्नानगृह नि:शुल्क संचालन र व्यवस्थापनका लागि साझेदार संस्था रुपन्देही परिवहन प्रा.लि.सँग द्विपक्षीय संझौता गरी जिम्मेवारी दिने ।

प्रस्ताव नं.५.७ विविध ।

प्रस्ताव नं.५.७.१

बुटवल उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी ऐन, २०७८ (प्रथम संशोधन) २०७९ सम्बन्धमा ।

निर्णय नं.५.७.१

बुटवल उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी ऐन, २०७८ लाई समयानुकुल तथा कर्मचारी सरुवालाई व्यवस्थित र सहज बनाउन आवश्यक भएको हुँदा देहाय बमोजिम संशोधन गर्ने गरी नगरसभाको एघारौं अधिवेशनको तेस्रो बैठकमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| ऐनको दफा, उपदफा | भएको व्यवस्था | संशोधनका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| परिच्छेद ६, दफा ३३, उपदफा ४ | यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून लागु नभएसम्म सरुवा सहमति प्रदान गरिने छैन । | यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून लागु नभएसम्मका लागि आवश्यकताका आधारमा सरुवा सहमति प्रदान गर्न बाधा पर्ने छैन । | सरुवा प्रकृयामा कानूनी अभावको कारण अवरोध सिर्जना भएकाले |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।